# दिगो वन व्यवस्थापन र वन प्रमाणीकरण

——— कृष्णहरि हुमागाई

## पृष्ठभूमि

मानव तथा समग्र जीवजन्तुको सरल जीवनयापनको लागि वन तथा वनजन्य स्रोतहरूले अमूल्य वातावरणीय तथा बहुमूल्य आर्थिक सेवा तथा वस्तुहरू स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा प्रदान गरिरहेका छन् । विश्वव्यापी रूपमै करिब एक तिहाइ स्थल क्षेत्र र नेपालमा करिब ४०% भाग वन क्षेत्रले ओगटेको परिप्रेक्ष्यमा यस क्षेत्रले प्रदान गर्ने वस्तु तथा सेवाको अंश पनि उल्लेखनीय नै रहेको छ । विश्वव्यापी वन क्षेत्र (करिब ३८७ अरव हेक्टर) को करिव आधा भाग उष्ण प्रदेशीय वन क्षेत्रले ढाकेको छ [१]। यस्तो वन क्षेत्र दक्षिण अफ्रिका, दक्षिण अमेरिका, दक्षिण पूर्वी एसियामा प्रमुख रूपमा पाइन्छ । विगतमा यूरोप तथा उत्तर अमेरिकाका सम्पन्न समुदाय लगाएत अन्य जनसाधारणमा पनि उष्ण प्रदेशीय काठ प्रतिको मोह अधिक थियो जुन आज पनि कायमै छ । यी काठहरू आफैमा बलिया हुनुका साथै यिनबाट तयार गरिएका सामानहरू राम्रो देखिनुका साथै ज्यादै दरिला पनि हुन्छन् । यसै गुणले गर्दा उष्ण क्षेत्रको काठको खपतमा निकै वृद्धि भयो । फलस्वरूप उष्ण क्षेत्रमा वन विनाश वार्षिक ०.८% ले हुन थाल्यो जुन अन्य क्षेत्रमा (सोही अवधि सन् १९९०-२०००) भन्दा चार गुणा बढी छ [२]। यसको फलस्वरूप केही चेतनशील पश्चिमा समुदायका व्यक्तिहरूमा यसरी वन विनाश गरी ल्याएको काठ र सोबाट बनेका सामानहरू प्रयोग गर्नु भनेको उष्ण प्रदेशीय वन विनाश गर्नु हो र दिगो रूपले व्यवस्थित वनका उत्पादनहरू मात्र उपभोग गरिनु पर्दछ भन्ने भावनाको विकास भयो ।

## के हो त दिगो वन व्यवस्थापन भनेको ?

सन् १९९२ मा ब्राजिलको रियो द जेनेरोमा सम्पन्न राष्ट्रसंघीय वातावरण तथा विकास सम्मेलन पश्चात् "दिगो विकास" को अवधारणाले अन्तर्राष्ट्रिय स्तरमै व्यापकता पाउन थाल्यो । वर्तमान समुदायका आवश्यकताहरू भविश्यका सन्ततिहरूलाई हानी नपुग्ने गरी मात्र पूरा गरिनु पर्दछ भन्ने मूल कुरा नै दिगो विकासको नीतिगत अवधारणा हो । वहुपक्षीय एवं द्रुत विकासले जीवनका हरेक पक्षहरू सामाजिक, आर्थिक तथा वातावरणीय प्रणालीमा असर पारिरहेको हुन्छ र तिनै प्रणालीहरूको अन्योन्याश्रित तथा एकीकृत सम्बन्ध भित्र दिगो विकासको यथार्थ खोजी गरी समयानुकूल लागू गरिनुपर्दछ भन्ने नै दिगो विकासको आधारभूत सैद्धान्तिक अवधारणा हो [४] । दिगो वन व्यवस्थापन दिगो विकासका अवधारणा भित्रको एउटा अङ्ग हो । यसलाई विभिन्न किसिमले परिभाषित गरिएपनि यसको समग्र एवं संश्लेषित अर्थ यसरी लिन सकिन्छः "एक वा एकभन्दा बढी उद्देश्य पूरा गर्न र इच्छित वनजन्य वस्तु तथा सेवाहरू निरन्तर रूपमा प्राप्त हुने गरी वन व्यवस्थापन गर्ने तथा गराउने प्रक्रिया नै दिगो वन व्यवस्थापन हो[५]। वन व्यवस्थापनका लक्ष्यहरू आर्थिक, सामाजिक तथा वातावरणीय गरी तीन प्रमुख क्षेत्रका हुन सक्छन् । तसर्थ एकमात्र लक्ष्य पूरा गर्ने गरी वन व्यवस्थापन गर्नु वा एकमात्र उत्पादनलाई केन्द्रित गरी वन व्यवस्थापन गर्नु दिगो व्यवस्थापन होइन ।

## वन प्रमाणीकरण अवधारणाको सुरुवात

उष्ण प्रदेशीय वन संरक्षणको लागि उष्ण वन पैदावारको वहिष्कार तथा अन्तर्राष्ट्रिय दिगो विकास सम्बन्धी जल्दो बल्दो महासन्धीको कारणले वन क्षेत्रलाई कसरी प्रयोगयोग्य बनाउने भन्ने चर्चा सबैतिर हुन थाल्यो । तर बहिष्कारको सामाजिक पक्ष झन चुनौतीपूर्ण भयो [४]। अव्यवस्थित प्रयोग (कटानी) को दोषले गर्दा व्यवस्थित वनको प्रयोग पनि भाँडियो । फलस्वरूप आश्रित गरिब कामदारहरूको काम तथा आम्दानी घट्यो र उनीहरूको जीवन झन कष्टकर भयो । संरक्षणवादी समूहहरूले आफ्ना बाहिरी मुखी क्रियाकलापबाट केही गलत भएको महसुस गरी आफ्नो पुरानो उडानमा परिवर्तन गरी दिगो वन व्यवस्थापन भयो भएन जान्नु पर्ने र यसै अनुसार वन पैदावार प्रयोग गर्नुपर्ने कुराको एकिन गरे । रियो सम्मेलनले सामाजिक, आर्थिक र वातावरणीय पक्षहरूलाई दिगो विकासका नीतिगत सिद्धान्तका रूपमा मार्ग प्रशस्त गरिदिएपछि अन्तर्राष्ट्रिय रूपमै दिगो व्यवस्थापनका कार्यगत आधारहरू तैयार हुन थालेका छन् । यही उद्देश्य लिएर सन् १९९३ मा क्यानडाको टोरन्टो सहरमा विश्वका १३० भन्दा बढी मुलुकका प्रतिनिधिहरू भेला भई एफ.एस.सी. (Forest Stewardship Council) बनाए [४]। अन्तर्राष्ट्रिय उष्ण काठ सङ्गठनले उष्ण क्षेत्रको वनको दिगो व्वस्थापनको लागि विभिन्न आधारहरू तथा सूचकहरू तयार गरेको छ । त्यस्तै एफ.एस.सी. ले सबै क्षेत्रको वन व्यवस्थापन गर्न १० वटा सिद्धान्तहरू तथा ५६ वटा आधारहरू बनाएको छ । त्यस्तै पान यूरोपियन वन प्रमाणीकरण (पी.इ.एफ.सी.) परिषद प्रणाली तथा अन्तर्राष्ट्रिय गुणस्तर सङ्गठन (आई.एस.ओ. १४००१) पनि अन्तर्राष्ट्रिय स्तरमा दिगो वन व्यवस्थापनलाई निर्देशित गरिरहेका छन् [५]। यद्यपि यी अन्तर्राष्ट्रिय प्रयासहरूका आ-आफ्नै दिगो वन सम्बन्धी परिभाषा छन् । तर पनि तिनमा निकै साझा बुँदाहरू पनि छन् । जस्तैः दिगो वन व्यवस्थापन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन बमोजिम हुनुपर्ने, वनको उत्पादकत्व घट्न नहुने, वातावरण तथा जैविक विविधता संरक्षणमा स्थानीय जनताको सहभागिता हुनुपर्ने आदि कुराहरूलाई सबैले समेटेका छन् ।

## के हो त वन प्रमाणीकरण भनेको

वन प्रमाणीकरण एउटा यस्तो साधन हो जसले अन्तर्राष्ट्रिय मान्यता प्राप्त मापदण्डहरूका आधारमा कुनै पनि उपभोग्य वन जन्य वस्तु वा सेवाको प्रयोग गर्दा संसारको कुनै पनि कुनाको वन विनासलाई टेवा पुग्दैन र यी सेवा वा वस्तुहरू दिगो रूपमा व्यवस्थित वन क्षेत्रबाटै ल्याइएका हुन भनी स्पष्ट गर्दछ [१]। वन प्रमाणीकरण गर्ने कार्य उत्पादक, उपभोक्ता वा सम्वद्ध सरकारी पक्ष कसैको पनि होइन । यो कार्य स्वतन्त्र स्वयंसेवी संस्था वा समूहले सम्बन्धित सबै सरोकारवालाहरूको समन्वयमा गर्ने गर्दछ । आम समावेस र आम सहमति नै प्रमाणीकरणका मूलभूत कार्यमूलक सिद्धान्तहरू हुन् ।

## नेपालमा वन प्रमाणीकरणको आवश्यकता छ त ?

नेपालको सन्दर्भमा हेर्दा विशेष गरी ग्रामीण क्षेत्रका जनता दैनिक जीवनयापनका लागि स्थानीय कृषि प्रणाली तथा वन तथा वनजन्य पैदावारमा पूर्णरूपले आश्रित छन् । स-साना काठ, दाउरा एवं हलो, कुटो कोदालोका विड, मल एवं स्याउलाको लागि वनजन्य उत्पादनले सबै क्षेत्रमा ( हिमाल, पहाड, तराई) आपूर्ति गरिरहेको छ भने दुर्गम क्षेत्र (जस्तै कर्णाली प्रदेश) का जनताहरूको घरायसी आम्दानीको प्रमुख स्रोत त्यस क्षेत्रमा पाइने जडीबुटीको सङ्कलन एवं बिक्रिबाट पूरा हुने गरेको छ । देशमा विगत ३ दशकदेखि सञ्चालित सामुदायिक वन कार्यक्रमले पनि स्थानीय

जनताको वन व्यवस्थापन गर्ने चाहाना र क्षमतालाई अन्तर्राष्ट्रिय रूपमा छर्लङ्ग पारेको छ । हालसम्म १३,२३८ वन उपभोक्ता समूहले १,०८२,१५६ हेक्टर वन क्षेत्र आफ्नै प्रयासमा संरक्षण एवं व्यवथापन गरिरहेका छन् [६]। यो क्रम अझै निरन्तर चलिरहेको छ । यी सम्पूर्ण सामुदायिक वन तथा अन्य किसिमका वन मार्फत उत्पादन हुने जडीबुटी तथा अन्य वन पैदावर भारत लगायत अन्य विभिन्न मुलुक सम्म पुऱ्याइने गरिएको छ । यसको अलवा विभिन्न कागजी हस्तकला, काठका शिल्पकला एवं काठ जडित वास्तुकलाका सामाग्रीहरू प्रशस्त मात्रामा विदेश निकासी गरिन्छ । भविष्यमा दिगो व्यवस्थित वन प्रति उपभोक्ताहरूको बढ्दो चासोको कारणले व्यवस्थित वनको उत्पादन मात्र किन्ने काम भएमा वन पैदावरमा आधारित कुनैपनि नेपाली उत्पादन अन्तर्राष्ट्रिय वजारमा विक्री नहुन सक्छ यसो भएमा नेपाली वन उद्यम क्षेत्रमा नकारात्मक असर पर्न गई समग्र अर्थ व्यवस्थामा नै हलचल आउन सक्छ । तसर्थ प्रमाणीकरणको काम समस्या आउनु भन्दा पहिलेनै सुरू गर्नु उत्तम हुन्छ । नेपालका प्रतिस्पर्धी एवं छिमेकी देशहरूमा यो काम सुरू भैसकेकोले पनि हामीले यो कार्यमा हतार गर्नु आवश्यक भैसकेको छ । भारत तथा श्रीलंकामा केही वनहरू असल वन भनी प्रमाणीकृत भैसकेका छन् [४]।

हालसम्म नेपालमा वन प्रमाणीकरणका लागि तीनवटा संस्थाद्वारा सङगठित प्रयासहरू भैरहेका छन् । संयुक्त राष्ट्रसङघीय विकास कार्यक्रम (यू.एन.डि.पी.) को सहयोगमा सिड ट्रि नेपाल भन्ने संस्थाले पर्वत जिल्लामा विभिन्न संस्थाहरूको समन्वयमा आफ्नो काम सुरू गरिसकेको छ । यसका अलावा एन्साब नामक गैर सरकारी संस्थाले अमेरिकी सहयोगमा सामाजिक साझेदारी साझामञ्च कार्यक्रम सञ्चालन गरी दोलखा तथा बझाङ जिल्लामा सामूहिक प्रमाणीकरणको कार्य थालनी गरेको छ । यसैगरी वन प्राविधिकहरूको स्वतन्त्र पेशागत संस्था नेपाल वन प्राविधिक सङघ (एन.एफ.ए.) ले एस.एन.भी. नेपालको सहयोगमा वन प्रमाणीकरणको लागि राष्ट्रिय कार्य समूह तयार गर्न विभिन्न कार्यशाला एवं छलफल कार्यक्रमहरू सञ्चालन गरिरहेको छ । यसका लागि पाँच सदस्यीय तदर्थ कार्यदल समेत गठन गरिएको छ । तसर्थ यी सबै प्रयासहरूलाई एकत्रित गरी वन प्रमाणीकरण कार्यलाई अझै सघन रूपमा अगाडि बढाउनु आजको अपरिहार्य आवश्यकता भएको छ ।

**नेपालमा वन प्रमाणीकरणलाई कसरी व्यवस्थित गर्ने ?**

वन प्रमाणीकरण सम्बन्धी अन्तर्राष्ट्रिय रूपमा विभिन्न नामका प्रमाणीकरण व्यवस्थाहरू छन् । ती सबै प्रायः उस्तै प्रकृतिका रहे पनि कार्यगत रूपमा केही भिन्नताहरू छन् । धेरै देशहरूले मान्यता प्रदान गर्न सक्ने गरी तयार गरिएका मापदण्ड समावेश भएको एफ.एस.सी. को वन प्रमाणीकरण व्यवस्थाबारे यहाँ सङक्षेपमा उल्लेख गरिएको छ ।

सर्वप्रथम राष्ट्रिय कार्य समूह बनाउनको लागि प्रमाणीकरणसँग सम्बन्धित विभिन्न तहका सरोकारवालाहरू बीचमा प्रमाणीकरण सम्बन्धी विस्तृत छलफल गर्नुपर्दछ । त्यसपछि वन प्रमाणीकरण सम्बन्धी मापदण्ड बनाउन राष्ट्रिय तहमा कार्य समूह बनाउनु पर्दछ । यस्तो कार्य समूहमा वन व्यवस्थापन, उपयोग, कार्यक्रम संयोजन र कार्यक्रम अनुगमन गर्ने विभिन्न सरोकारवालाहरूको प्रतिनिधित्व हुनु पर्दछ । वन प्रमाणीकरणको अन्तर्राष्ट्रिय प्रक्रिया गैर सरकारी संस्थामा आधारित स्वतन्त्र प्रक्रिया भएकोले सरकारी निकायको प्रतिनिधित्वलाई सरोकार समूहकै रूपमा लिनु पर्दछ र यही मात्रामा सीमित गर्नुपर्दछ । राष्ट्रिय कार्य समूहको संयोजकले कार्य समूहको समग्र कामलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा संयोजन गर्नु पर्दछ । यसपछि राष्ट्रिय रूपमा सबै सरोकारवालाहरूलाई मान्य हुने गरी राष्ट्रिय मापदण्डको मस्यौदा तयार गर्नु पर्दछ ।

यसलाई व्यापक रूपमा छलफलमा ल्याई अन्तर्राष्ट्रिय प्रमाणीकरण संस्थामा पठाई अन्तर्राष्ट्रिय रूपमा स्वीकृत गराउनु पर्दछ । मापदण्ड भनेको समाजिक, आर्थिक र वातावरणीय दृष्टिले दिगो वन व्यवस्थापन भयो भएन भनेर एकिन गर्ने नियम हो । मापदण्डमा विभिन्न सिद्धान्त, आधारहरू र सूचकहरू समावेश गरिन्छन् । राष्ट्रिय मापदण्डको तयारी गर्दा समग्र सरोकारवालाहरूको समन्वय र सहयोगको साथसाथै स्थलगत अध्ययन भ्रमण तथा अनुसन्धानहरू अति नै आवश्यक हुन्छन् । यसरी राष्ट्रिय मापदण्डको विकास भैसकेपछि सो अनुसार हाम्रो कुनैपनि वन व्यवस्थापन भैरहेको छ कि छैन भनी यकिन गर्न अन्तर्राष्ट्रिय संस्थाबाट मान्यता प्राप्त राष्ट्रिय संस्था तयार गर्नु पर्दछ । जुन पूर्ण रूपमा स्वतन्त्र निकाय हुन्छ । यो संस्थामा सामाजिक, आर्थिक र वातावरणीय विधामा दक्ष जनशक्तिहरूको समूह हुनु पर्दछ तर यी जनशक्ति कुनैपनि किसिमको वन पैदावार उत्पादन, वन उद्योग, वन पैदावारको बिक्री वितरण आदि काममा प्रत्यक्ष्य वा परोक्ष रूपले संलग्न भएको हुनु हुँदैन । स्वदेशमा यस्तो संस्था नभएमा प्रमाणीकरणको लागि सधै भरी विदेशी विशेषज्ञहरूको भर पर्नुपर्ने हुन्छ जुन कुरा हाम्रो जस्तो गरिब मुलूकको लागि अति खर्चिलो र अव्यवहारिक हुन जान्छ । प्रमाणीकरणको काम यसरी अत्यावश्यक भएर पनि महँगो भयो भने यो प्रमाणीकरणको अवधारणा विपरित हुन जान्छ । प्रमाणीकरणको अवधारणा अनुसार अन्तर्राष्ट्रिय प्रक्रियाको लागि राष्ट्रिय स्तरमा क्षमता अभिवृद्धि गर्नु र यो सस्तो हुनु अति जरूरी छ । नेपालको परिप्रेक्ष्यमा वन व्यवस्थापन इकाईहरू स-साना एवम् छरिएर रहेको सन्दर्भमा सामूहिक प्रमाणीकरण गरी लागत कम गर्न सकिन्छ । नेपालको विशिष्ट सन्दर्भमा दिगो वन व्यवस्थापनका मापदण्डहरू तयार गर्ने क्रममा परम्परागत स्थानीय वन व्यवस्थापन पद्दति, वन व्यवस्थापनमा प्रयोग भईरहेको स्थानीय प्रविधि तथा ज्ञानलाई समेत पूर्ण पालन गर्नु पर्ने हुन्छ । यसका लागि मापदण्ड तयारी प्रक्रियामा स्थानीय जनताको पूर्ण सहभागिता अपरिहार्य हुन आउँछ ।

**अन्तमा**

सामाजिक, आर्थिक र वातावरणीय दृष्टिकोणले दिगो रूपमा व्यवस्थापन गरिएको व्यवस्थित असल वन हो भनेर चिनाउन कुनै पनि वन व्यवस्थापक (समूह/व्यक्ति) ले वन प्रमाणीकरण गर्नु पर्दछ । यस किसिमको वनबाट उत्पादित वन पैदावार र यसबाट तयार गरिने कुनै पनि वस्तुमा "प्रमाणीकरण (Certified) को छाप" लगाउन पाइन्छ जुन अन्तर्राष्ट्रिय रूपमा मान्यता प्राप्त हुन्छ । यही छाप हेरेर नै सचेत ग्राहकहरूले हाम्रो उत्पादन चिन्छन् र किन्छन् । तसर्थ सामुदायिक वनमा हालसम्म प्राप्त राष्ट्रिय सफलता र अन्य वन तथा बुट्यान क्षेत्रहरूबाट निकालिने बहुमूल्य जडीबुटी एवं वनजन्य उत्पादनहरूलाई समयमै दिगो व्यवस्थापनको मूल कार्य योजना अर्न्तगत समावेश गरी राष्ट्रिय रूपमै वन प्रमाणीकरणको कार्यमा लाग्नु पर्ने बेला आएको छ । हामी जति दिन पछि पर्छौं उति नै समस्या बढ्दै जाने निश्चित छ । तसर्थ यसतर्फ सम्बन्धित सरोकारवालाहरूको ध्यान गई संगठित पाइला चाल्नु अत्यावश्यक भैसकेको छ ।

## सन्दर्भ सामाग्री

(१) **H**omagain K. 2003. Forest Certification: A tool for sustainable forest management. *Greenary* Vol 3(1) SHEAC, Institute of Forestry Pokhara Nepal.

(२) **P**arajuli, D., Kandel, P.N. and Vanessa, L., 2003. Forest Certification for promoting sustainable forestry in Nepal. *Banko Jankari* Vol 13 (2)

(३) **S**hrestha, K. 2004. Forest Certification in Nepal, Facts and Information. A paper presented in the National Workshop on initiating forest certification in Nepal. Aug 20, 2004 Nepal Forester' Association Kathmandu Nepal

(४) कुमुद श्रेष्ठ २०६०, वन प्रमाणीकरण के हो ? र कसरी गर्ने ? *हाम्रो कल्पवृक्ष* वर्ष १४ अङ्क १५२, वन विभाग काठमाडौं ।

(५) प्रेम नारायण कँडेल २०६०, दिगो वन व्यवस्थापन र नेपालमा वन प्रमाणीकरणको आवश्यकता *हाम्रो कल्पवृक्ष* वर्ष १४ अङ्क १४५, वन विभाग काठमाडौ ।

(६) **C**FD 2004. FUG Database available at MIS. Community Forestry Division, Department of Forests, Babarmahal Kathmandu

(लेखक स्वतन्त्र वन प्राविधिक हुनुहुन्छ ।)